Australian Government
Australian Taxation Office

# कपडा तथा कपडा धुलाइका खर्चहरू



**कामसँग सम्बन्धित खर्चको लागि कटौती दावी गर्न:**

- तपाईं आफैँले पैसा खर्च गरेको हुनुपर्छ र सो खर्च प्रतिपूर्ति गरिएको हुनुहुँदैन
- खर्च प्रत्यक्ष रूपमा तपाईंको आम्दानीसँग सम्बन्धित हुनुपर्छ
- यो प्रमाणित गर्नको लागि तपाईंसँग अभिलेख हुनुपर्छ।

## कपडाका खर्चहरू

✔ यदि सुरक्षात्मक, पेशा-विशेष, वा विशिष्ट पोसाक हो भने, तपाईंले कामका लुगाहरू किन्ने, भाडामा लिने, मर्मत गर्ने वा सफा गर्ने लागत **दावी गर्न सक्नुहुन्छ**।

✖ तपाईंको रोजगारदाताले अनिवार्य छ भनेको भएतापनि वा तपाईंले काममा मात्र लगाउनु भएतापनि तपाईंले काममा लगाउने परम्परागत लुगाहरू किन्ने ,भाडामा लिने, मर्मत गर्ने वा सफा गर्ने लागत **दावी गर्न सक्नुहुँदैन**।

'परम्परागत लुगाहरू' भनेको मानिसहरू जुनसुकै पेशाको भएपनि दैनिक रूपमा लगाउने लुगा हो, उदाहरणका लागि, जीन्स, व्यापारिक पोसाक र टी-शर्टहरू।

## सुरक्षात्मक

✔ काममा बिरामी पर्ने वा चोटपटक लाग्ने वास्तविक र सम्भावित जोखिमबाट जोगिन लगाउनुहुने कपडाको कटौती, **तपाईंले दावी गर्न सक्नुहुन्छ**। सुरक्षात्मक कपडाहरूमा सुरक्षात्मक सुविधाहरू हुनुपर्छ वा तिनीहरूले सुरक्षा दिने काम गर्नुपर्छ र यसमा निम्न समावेश हुन सक्छन्:

- सुरक्षा दिने रंगीन भेस्टहरू
- सुरक्षात्मक जुत्ता, बोइलर सुट वा एप्रनहरू
- आगो प्रतिरोधी लुगाहरू
- 'नर्सहरूले लगाउने नचिप्लने' जुत्ता।

## पेशा - विशेष

✔ तपाईंको विशेष पेशा झल्काउने कपडाको लागि कटौती - उदाहरणका लागि, शेफ (भान्से) को चेकर प्यान्ट, **तपाईंले दावी गर्न सक्नुहुन्छ**।

## अनिवार्य पोसाक

✔ तपाईंलाई संगठनको कर्मचारीको रूपमा पहिचान गराउने अनिवार्य पोसाकको लागि कटौती **तपाईंले दावी गर्न सक्नुहुन्छ**। तपाईंको रोजगारदाताले कडाइका साथ लागू गरिएको कार्यस्थल सम्झौता वा नीति अन्तर्गत पोसाक लगाउन अनिवार्य बनाउनुपर्छ।

## गैर-अनिवार्य पोसाक

✖ तपाईंको रोजगारदाताले स्वीकृत व्यावसायिक पोसाकको दर्तामा ढाँचा दर्ता नगरेसम्म र तपाईंले काममा पोसाकको रूपमा लगाएको खण्डमा, तपाईंले गैर-अनिवार्य कामको पोसाकको लागि कटौती **दावी गर्न सक्नुहुँदैन**।

## धुलाइ तथा मर्मतहरू

✔ सुरक्षात्मक, पेशा - विशेष, अनिवार्य पोसाक वा दर्ता गरिएको गैर-अनिवार्य पोसाकको सफाइ र मर्मत गर्ने कामको लागतको कटौती, **तपाईंले दावी गर्न सक्नुहुन्छ**।

तपाईंको लुगा धुलाइको दावी हिसाब गर्नको लागि उचित आधार निम्न हुन्:

- यदि कामसँग सम्बन्धित कपडाहरूको मात्र धुलाइ भएमा प्रति धुलाइको $१
- यदि तपाईंले व्यक्तिगत कपडाहरू कामको कपडासँग मिसाएर धुनुहुन्छ भने प्रति धुलाइको ५० सेन्ट।

तपाईंले आफ्नो दावी कसरी हिसाब गर्नुभयो भनेर देखाउन सक्षम हुन आवश्यक छ।

✔ तपाईंले यी वर्गहरूमा कामका लुगाहरू ड्राई-क्लिन गर्न (धुन) र मर्मत गर्न लाग्ने वास्तविक लागतहरूका लागि कटौती **दावी गर्न सक्नुहुन्छ**।

ⓘ **यो सामान्य सारांश मात्र हो।**
थप जानकारीको लागि ato.gov.au/clothingandlaundry हेर्नुहोस् वा पञ्जीकृत कर पेशेवरसँग कुरा गर्नुहोस्।

NAT 75601NEP-04.2024 DE-63511